# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०७।३० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

ईलाका प्रहरी कार्यालय, सिमरौनगढ बारामा प्रहरी नायव निरीक्षक पदमा कार्यरत विरेन्द्र महतोले नेपाल प्रहरीमा भर्ना हुने बेलामा आफ्नो नागरिकता र S.L.C. को प्रमाणपत्रमा जन्म मिति सच्चाई किर्ते गरी नेपाल प्रहरीमा भर्ना भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रहरी नायब निरीक्षक विरेन्द्र महतोले नेपाल प्रहरीको प्रहरी जवान पदमा नियुक्ति हुँदा पेश गरेका प्रमाण-पत्रहरुमा जन्म मिति सच्याई पेस गरी नियुक्ति लिई बढुवा हुँदै प्रहरी नायव निरीक्षक पदमा कार्यरत रहेको हुँदा निज विरेन्द्र महतोले जन्म मिति सच्याई राष्ट्रसेवकको ओहदा पाई सो हैसियतले लाभ वा सुविधा लिई पदमा बहाल रहिरहने मनसाय राखी आफूलाई लाभ हुने र नेपाल सरकारलाई हानी पुऱ्याउने उद्देश्यले बदनियतपूर्ण तबरबाट भ्रष्टाचारजन्य कार्य गरेको प्रमाणित हुन आएको हुँदा निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) मा परिभाषित कसूर गरेको पुष्टि हुन आएकाले निज विरेन्द्र महतोलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र ऐ. ऐनको दफा २९ को उपदफा (२) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

साथै, श्री सरस्वती माध्यामिक विद्यालय, पिपरा, भलोहिया, रौतहटमा तत्काल कार्यरत प्रधानाध्यापक रविन्द्र झा र सोही विद्यालयमा कार्यरत शिक्षक (Issuing Assistant) मुकेश कुमार सिंहले निज विरेन्द्र महतोको CHARACTER CERTIFICATE र School Leaving Certificate मा प्रतिलिपि प्रमाणपत्र जारी गर्दा विद्यालयमा रहेको अभिलेखमा रहेको जन्म सच्याई प्रतिलिपि दिएको कार्यबाट आफूहरुलाई फाइदा हुने र नेपाल सरकारलाई हानी पुऱ्याई भ्रष्टाचार गर्ने र निज विरेन्द्र महतोलाई राष्ट्रसेवकको ओहदा पाई सो हैसियतले लाभ वा सुविधासमेत लिई भ्रष्टाचारजन्य कसुर गर्न मद्दत पुऱ्याउने मनसाय राखी बदनियतपूर्ण तवरले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ मा परिभाषित कसूर गरेको पुष्टि हुन आएकोले तत्काल कार्यरत प्रधानाध्यापक रविन्द्र झा र शिक्षक मुकेश कुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता<br>
नारायण प्रसाद रिसाल